# बागलुङ जिल्ला अदालत बागलुङ

## सूचना सूचना सूचना

मिति- २०७६।०५।१

**विषय- दरखास्त आह्वान सम्वन्धमा ।**

बाल न्याय सम्पादन (कार्यविधि) नियमावली, २०७६ को नियम १३ अनुसार समाजसेवी र ऐ. को नियम १४ अनुसार बाल विशेषज्ञ वा बाल मनोविज्ञको योग्यता तोकेको परिप्रेक्ष्यमा समाजसेवीका रुपमा कार्य गर्न ईच्छुक मान्यता प्राप्त विश्वविद्यालयबाट सामाजिक कार्य, बाल विकास वा बाल अधिकारको विषय लिई कम्तीमा स्नातक तह वा सोसरहको उपाधि प्राप्त गरेको यसै गरी बाल मनोविज्ञ वा बालविशेषज्ञको रुपमा कार्य गर्न ईच्छुक मान्यता प्राप्त विश्वविद्यालयबाट मनोविज्ञान विषय लिई कम्तीमा स्नातक तह वा सोसरहको उपाधि प्राप्त गरेको ब्यक्तिहरुको रोष्टर खडा गर्न आवश्यक भएको हुँदा प्रत्येक जिल्ला अदालतमा ७ दिने सूचना प्रकाशित गर्नु भनी केन्द्रीय बाल न्याय समितिको सचिवालयको मिति २०७६।०४।२७, च.नं. ७ को पत्रबाट लेखि आएको हुँदा प्रस्तुत सुचना प्रकाशित गरिएको छ। यस जिल्ला भित्र बसोबास गर्ने समाजसेवी, बालमनोविज्ञ वा बाल विशेषज्ञको रुपमा कार्य गर्न ईच्छुक ब्यक्तिहरुले यो सूचना प्रकाशित भएको मितिले ७ सात दिनभित्र आफ्ना प्रमाणपत्रका प्रतिलिपिसहित बागलुङ जिल्ला अदालतमा दरखास्त दिनु हुन अनुरोध गरिन्छ।

२०७६।५।१